अजय दीक्षित। २०७३। *नेपालमा विपद्*। काठमाडौँ : सामाजिक र वातावरणीय परिवर्तन अध्ययन संस्थान (आइसेट)-नेपाल, एक्सनएड अन्तर्राष्ट्रिय नेपाल र प्राक्टिकल एक्सन नेपाल।

इञ्जिनियरको पहिचान दिन रुचाउने अजय दीक्षितले सप्तरंगी विधाहरू जस्तै पानी, जलस्रोत, वातावरण, आर्थिक-सामाजिक विकास, जलवायु परिवर्तनका प्रभाव/असरहरू तथा नव निर्माणवादी विषयहरूमा दर्जनभन्दा बढी पुस्तक लेखिसकेका छन्। तिनको दुई दर्जन बढी शोधात्मक लेखहरू अन्तर्राष्ट्रिय/राष्ट्रिय जर्नलमा पनि प्रकाशित भइसकेका छन्। तिनले उल्लेख्य संख्यामा स्वदेशी पत्रपत्रिकामा समसामयिक र विकाससम्बन्धी लेख रचना पनि प्रकाशित गरेका छन्। यो सन्दर्भमा उनको नयाँ पुस्तक *नेपालमा विपद्* प्रकाशन भएको छ।

लेखकले शुरूमा नै उल्लेख गरेका छन् : १२ वैशाख २०७२ को "गोरखा भूकम्प" पछि "भूकम्पले निम्त्याएको विपद् सामना गर्ने सवालमा आफूलाई कमजोर र असहाय पाएपछि आइसेट नेपालभित्र हामीले आफैलाई प्रश्न गर्न थाल्यौँ – यस्तो विपद्को सन्दर्भमा हामी जस्तो अध्ययन-अनुसन्धानमा संलग्न संगठनको भूमिका के हुन सक्दछ त? आपसी

मन्थनको क्रममा एउटा नयाँ दृष्टिकोण या विचार पैदा भयो – नेपालको प्राकृतिक प्रकोप या विपद्हरूमाथि नै अध्ययन-अनुसन्धान किन नगर्ने " (पृ. ८)। उक्त निर्णयको कार्यान्वयन हो प्रस्तुत पुस्तक। पुस्तकले नेपालको विपद् व्यवस्थापन विषयमा विद्यमान ज्ञानको अभावलाई पूर्ति गर्ने अभिलाषा राख्ने विपद् विज्ञ, यस विषयका विद्यार्थी तथा विपद् विषयमा सरोकार राख्ने सबैलाई स्वतः आकर्षित तुल्याउँछन्। "गोरखा भूकम्प" को पृष्ठभूमि र सेरोफेरोमा रंगीन लोभलाग्दो अन्नपूर्ण र धवलागिरि हिमशृंखलाको माझमा माछापूच्छ्रे हिमालको तस्बिरसहितको आवरण भएको हुनाले पुस्तक आकर्षक छ।

२५ अप्रिल २०१५ को "गोरखा भूकम्प" पछि श्रीगणेश गरे पनि, भूकम्प र त्यसपश्चात् आएका पराकम्पनहरूमा पुस्तकलाई दीक्षितले सीमित गरेका छैनन्। न त यो पुस्तक, विपद् व्यवस्थापनमा संलग्न कार्यकर्ता, स्वयंसेवकदेखि प्राध्यापनकर्ताका निमित्त सहयोग पुऱ्याउने "म्यानुअल" का रूपमा नै लेखकले प्रस्तुत गरेका छन्। लेखकको मूल उद्देश्य ठूल्ठूला भूकम्पहरूको जोखिम धेरै हुँदाहुँदै पनि चनाखो भएर देश किन त्यसका निमित्त तयार हुन सकेन? भूकम्पपश्चात् पनि किन पुनर्स्थापन र पुनर्निर्माण कार्यलाई नारामा सीमित तुल्याएर लाखौँ भूकम्प पीडितलाई अमानवीय अवस्थामा बाँच्न यो राष्ट्रले बाध्य तुल्याइरहेको छ? त्यसै गरी भविष्यको कुनै पनि घडी "गोरखा भूकम्प" जस्तै वा अझै ठूलो विपत्ति आइपर्न सक्ने सम्भावना हुँदाहुँदै पनि विपद्को सामना गर्न नितान्त आवश्यक पूर्व तयारी कार्य राष्ट्रको प्राथमिकतामा अझै किन पर्न सकेको छैन? आदि महत्त्वपूर्ण प्रश्नहरूको उत्तर यस पुस्तकमार्फत लेखकले दिने जमर्को गरेका छन्। उल्लिखित उद्देश्य प्राप्तिका निमित्त विगत एक वर्षको अवधिमा घटेका सात विपद्का घटनाहरूको विस्तृत अध्ययनहरूलाई तिनले आधार बनाएका छन्।

एक वर्षको अवधि (अप्रिल २०१४ देखि अप्रिल २०१५) मा घटेका तर अनादि कालदेखि देशले भोग्दै आएको प्राकृतिक विपद्हरूको प्रकृति तथा कारणहरू, विपद् आइपर्दा सरोकारवालाहरूले भोगेका वा सामना गरेका चुनौती र अवलम्बन गरेका कदम तथा प्रयासमा भएका वा देखापरेका मानवीय त्रुटि समेतलाई समावेश गरेर तयार पारिएको शुक्ष्म अध्ययन (केस स्टडीहरू) मा पहिल्याएका समान निष्कर्षको आधारमा माथि उल्लेख गरिएका प्रश्नको उत्तर दीक्षितले यस पुस्तकमा प्रस्तुत गरेका छन्। "केस स्टडिहरू" मा समावेश गरिएका सात विपद्मध्ये पाँच प्राकृतिक हुन् भने एक मानव निर्मित र अर्को प्राविधिक प्रकृतिको हो। समावेश गरिएका प्राकृतिक विपत्तिहरू १८ अप्रिल २०१४ को खुम्बु आइसफल क्षेत्रमा गएको हिमपहिरो, २ अगस्ट २०१५ मा सिन्धुपाल्चोकको जुरे अवस्थित माखा गाविसमा गएको पहिरो तथा १४–१५ अगस्ट २०१४ को अविरल वर्षाले निम्त्याएको कर्णाली र बबई नदीमा आएको भीषण बाढी छन्। त्यस्तै अक्टोबर २०१४ मा मनाङ, मुक्तिनाथ र धवलागिरि क्षेत्रमा भएको हिमआँधी, २५ अक्टोबर २०१४

का दिनमा मुगु जिल्लाको खत्याड क्षेत्रमा परेको असिना एवं झाडापखालाको प्रकोप बेहोरेको लगत्तैपछि जाजरकोट जिल्लामा १ अप्रिल २०१५ देखि चम्केको फ्लु र स्वाइन फ्लुको महामारी, जसलाई मानवनिर्मित प्रकोपले महामारीको रूप धारण गरेको थियो, लाई पुस्तकमा समेटिएको छ । त्यसै गरी प्राविधिक तर जिम्मेवार क्षेत्रको अकर्मण्यताले गर्दा ४ मार्च २०१५ मा भएको टर्किस विमान दूर्घटना र त्यसले चार दिनसम्म देशको एक मात्र अन्तर्राष्ट्रिय हवाई मैदानलाई पुऱ्याएको अवरोधका कारण समस्त मुलुकले भोगेको विपद् गरी दीक्षितकै नेतृत्वमा आइसेटले सात "केस स्टडीहरू" तयार पारेको थियो । यस पुस्तकमा ती अध्ययनको सारांश समावेश गरिएको छ जसले मुलुकको विपद् व्यवस्थापन क्षमताको वस्तुगत चित्रण गरेको छ ।

अजय दीक्षितले विपद् व्यवस्थापनको मूल्यांकन अध्ययनलाई सहज तुल्याउन स्वीस रेडक्रसद्वारा प्रतिपादित विपद् व्यवस्थापनका पाँच प्रमुख चरणहरू जस्तै : १) उद्धार र राहत, २) पुनर्प्राप्ति, ३) पुनर्निर्माण, ४) रोकथाम र ५) पूर्वतयारीलाई आधार मानेर सबै "केस स्टडी" मा उल्लिखित प्रत्येक चरणमा आइपरेका वा सामना गर्नुपरेका चुनौती र तिनका सम्बोधनका निमित्त सरकार र सरोकारवालाले उठाएको कदमको मूल्यांकन गरिएको छ । यस्तो विधि अपनाइँदा विपद् व्यवस्थापनका आधिकारिक जिम्मेवार पक्ष र सरोकारवालाले विभिन्न विपद्का चरणमा अख्तियार गरेको नीति र तिनको कार्यान्वयनको मूल्यांकनलाई सहज तुल्याएका छन् । जसले गर्दा समस्याको जड पत्ता लगाउन तिनलाई भगीरथ प्रयत्न गर्नु नपरोस् भन्ने आशय स्पष्ट हुन्छ । विगतमा विभिन्न स्थानमा घटेका विपद्का घटनालाई सम्बोधन गरिँदा आधिकारिक र सरोकारवाला क्षेत्रले कुन चरणलाई प्राथमिकता दिने गरेको र त्यसरी प्राथमिकता पाउँदा पनि कुन हदसम्म समस्याको जटिलताको विश्लेषण गरी दूरगामी समाधानतर्फ मुलुक अग्रसर भएको वा नभएको भन्ने वास्तविकतालाई प्रस्तुत गर्ने आधार तिनले पहिल्याएका छन् । दीक्षितले समस्याको पहिचान गर्न हाम्रो "विशेषज्ञ" देखि सर्वज्ञ ज्ञानको ठेकेदार सम्झने राजनीतिक नेता र कर्मचारीतन्त्रले विनाअध्ययन र आधारमा निकाल्ने निष्कर्षको परम्परालाई परित्याग गरेर प्रमाणसहित निष्कर्ष निकाल्ने विधि अंगालेका छन् ।

विगत एक वर्षमा भएका विपद् व्यवस्थापनको अध्ययनबाट निकालेको निष्कर्षलाई समष्टिगत रूपमा प्रस्तुत गर्न अजय दीक्षितले एउटा अलग वा छुट्टै "विपद्का पाठ" खण्ड समावेश गरेका छन् यो पुस्तकमा । तिनको निष्कर्ष छ, मुलुकले विपद्का चुनौतीहरूको सामना गर्न तर्जुमा गरेका नीति र कार्यक्रमको प्राथमिकता अत्यधिक उद्धार र राहतमा केन्द्रित हुने गरेको छ । उद्धार र राहतजस्ता कार्यहरू तत्काल मानवीय क्षति अर्थात् ज्यान जोगाउन र घाइतेको औषधी उपचार उन्मुख हुने गर्छन् । त्यसकारण यो चरण हाम्रो सामाजिक एवं धार्मिक मूल्य र मान्यताअन्तर्गत पर्छन् । त्यसै हुनाले यस चरणले विपद्

व्यवस्थापनको सबैभन्दा बढी प्राथमिकता पाएको तिनको ठम्याई छ । सरकारी सहयोग कार्यहरूको राहत उद्देश्यअन्तर्गत मृतक परिवारलाई क्षतिपूर्तिस्वरूप केही रकम वितरण गर्न बढी केन्द्रित हुने गरेको निष्कर्ष तिनले निकालेका छन् । सबै "केस स्टडी" मा आपद्/विपद् परेको केही समयपश्चात् नै विपद् व्यवस्थापन कार्य शिथिल हुँदै जाने औँल्याइएको छ । विपद् व्यवस्थापनका बाँकी महत्त्वपूर्ण पक्षहरू जस्तै पुनर्प्राप्ति, पुनर्निर्माण, रोकथाम र पूर्व तयारीका निमित्त प्रतिपादित नीति, कार्यक्रम र संस्थागत व्यवस्थाहरू कागजमा सीमित भएको तथ्यलाई तिनले उदांग पारेका छन् । दीक्षितको निष्कर्ष छ, सरकार, बजार वा सरोकारवालाहरू कसैको पनि ध्यान विपद्का बाँकी चार चरणहरू (पुनर्प्राप्ति, पुनर्निर्माण, रोकथाम र पूर्व तयारीका) चाहे प्रथम चरण अर्थात् उद्धार/राहत जत्तिकै महत्त्वपूर्ण किन नहुन् तिनमा जान सकेको छैन । यिनै कारणले गर्दा नै साना ठूला विपद्हरू पर्दा पनि मुलुकले ठूलो संख्यामा अकल्पनीय जनधनको क्षति व्यहोर्नुपरेको र पीडितहरू अलपत्रको अवस्थामा परेका हुन् भन्ने तिनको तर्क छ ।

देशले अनादि कालदेखि भोग्दैआएको प्राकृतिक विपद्माथि जलवायु परिवर्तनको प्रभावले थप जटिलता थोपरिने क्रम बढ्दो छ । भौगर्भिक र भौगोलिक कारणले गर्दा नेपाल जलवायु परिवर्तनको प्रकोप खेप्नुपर्ने अत्यधिक जोखिम भएको राष्ट्रहरूको अग्रिम पंक्तिमा पनि पर्दछ । जलवायु परिवर्तनका कारणले मुलुक झन् प्राकृतिक विपद्को भुमरीमा पर्ने निश्चित छ । तर चुनौतीहरूको सामना गर्न आवश्यक कदमतर्फ हाम्रा राजनीतिक वृत्त र नीति निर्माताले कुनै चासो देखाएका छैनन् । लेखकले विद्यमान अवस्थाको जिम्मेवार संक्रमित राजनीति, अनुत्तरदायी राजनीतिक संस्कार, अविकसित सामाजिक मूल्य मान्यता, फितलो आर्थिक अवस्था, कमजोर कार्यान्वयन पक्षदेखि असन्तुलित भूराजनीतिसम्मलाई औँल्याएका छन् । तिनको अर्को निष्कर्ष छ, हाम्रो मुलुकको सरकार, बजार र सामाजिक अभियन्ता कुनै तप्काले पनि विपद् व्यवस्थापनका निमित्त निहित कर्तव्य हालसम्म पालना गरेका छैनन् । जसले गर्दा "गोरखा भूकम्प" जस्ता ठूला त परै जाओस् स-साना विपद्हरूले पनि प्रकोपको रूप धारण गर्ने अवस्थाबाट हामी गुज्रदैछौँ । प्रकोपमा परिणत हुँदैगरेको यस्तो उदाहरण दीक्षितले पुस्तकमा प्रस्तुत गरेका छन् ।

पुस्तकमा लेखकले विद्यमान अवस्थाबाट उन्मुक्ति पाउन "कार्य दिशा" शीर्षकको एउटा अध्याय समावेश गरेका छन् । तिनले कोरेका कार्य दिशाहरू विस्तृत छन् । प्रकोप र संकटमा रहेकाहरूको तथ्यांक संकलन पद्धतिको सुधार, सूचना प्रविधिको महत्त्व र सूचना प्रणालीले खेल्नुपर्ने भूमिका, सञ्चारमाध्यमको कर्तव्य, जोखिम न्युनीकरण र वितरण (बिमा) व्यवस्था आदि गर्नुपर्ने तिनको तर्क छ । तिनले सुझाएका अन्य उपायमा सुरक्षित भौतिक सुविधाका निमित्त आवास, स्वास्थ्य सेवा, विद्यालय, निर्वाचित स्थानीय निकाय र कानुनी तथा नीतिगत प्रावधान आदि पर्छन् ।

वातावरण परिवर्तनका (दुष्) प्रभाव र असरहरू भोग्नुपर्ने देशहरूमध्ये पनि नेपालको स्थान अग्रपंक्तिमा नै छ । यी कारणले गर्दा पनि यहाँ विगतमा भन्दा आउँदा दिनमा विपद्का घटनाहरू बढ्ने निश्चित छ । त्यसै गरी मानव निर्मित प्रकोपको कोपभाजनमा इतिहासको विभिन्न काल खण्डमा पनि हामी बारम्बार पर्दैआएका हौँ । ग्रामीण क्षेत्रबाट र त्यसतर्फ हुने पैदावार र कच्चा पदार्थको आपूर्तिका निमित्त, रोजगारीको सिलसिलामा ग्रामीण क्षेत्रबाट शहरी वा बढी सुविधा पाइने क्षेत्रतर्फ हुने बसाइँसराइ र आप्रवासन आदि कारणले गर्दा यातायातका साधनको चाप अझै वृद्धि हुने निश्चित छ । विद्यमान अर्ध विकसित पूर्वाधार जस्तै साना असजिला हवाई धावन मार्ग, साँघुरा सडकमा बढ्दो यातायातका साधनहरूको चाप, व्याप्त सडक नियम कानुन मिच्ने प्रवृत्ति र दण्डहीनताले गर्दा दिन प्रतिदिन प्राविधिक दूर्घटनाको प्रकोप हुने सम्भावना छ । तर माथि उल्लेख गरिएका मानव निर्मित र दोहोरिरहने दूर्घटना जस्ता विपद्को विषयलाई दीक्षितले पुस्तकमा समावेश गरेका छैनन् ।

विपद् व्यवस्थापनका चुनौतीको सामना गर्न आवश्यक नीति निर्माण र कार्यान्वयन पक्ष नितान्त आवश्यक पर्दछ । यस प्रक्रिया अर्थात् नीति निर्माण र समयानुकूल कार्यान्वयनका निमित्त पालना गर्नु पर्ने अनुशासनको दायित्व राजनीतिक वृत्तको हो । लेखकले विपद् व्यवस्थापनका निमित्त राजनीतिक वृत्तको क्षमता, दक्षता र दूरदर्शिताले निर्णायक भूमिका खेल्ने धारणा व्यक्त गरेका छन् । तर यदि हाम्रो विगतलाई आधार मान्ने हो भने राजनीतिक नेतृत्व वा वृत्तमा त्यस्ता गुणहरू निकट भविष्यमा आइहाल्लान् भनेर कल्पनासम्म गर्नु पनि अव्यावहारिक र प्राज्ञिक हुने निश्चित छ । हुन त जतिसुकै असक्षम वा अकर्मण्य नेतृत्व भए पनि नीति निर्माण र तिनको सफल कार्यान्वयन गर्ने अभिभारा तिनमा नै निहित हुन्छ । पुस्तकमा लेखकले मानवशास्त्रीले अपनाउने "नोर्मेटिभ" अर्थात् समस्याको जरो पहिल्याउने तर समाधानका उपायको व्याख्या गरी नहाल्ने विधि अवलम्बन गरेका छन् । जसले गर्दा तिनलाई समस्याको कारण पहिल्याउने सफलता मिलेको छ । समाधानका उपायको चर्चा गर्दा तिनले प्राविधिकभन्दा अन्तर्निहित हाम्रो सामाजिक मूल्य र मान्यता तथा राजनीतिक क्षेत्रमा देखा परेका अकर्मण्यता र विकृतिको सहारा लिएको पाइन्छ । यस परिप्रेक्ष्यमा कतिपय स्थानमा जुन प्रकारले तिनले सामाजिक मूल्य मान्यता तथा राजनीतिक वृत्तप्रति गरेको कटाक्ष अर्थात् व्यक्त गरेका अभिव्यक्तिलाई आधार बनाउने हो भने अजय दीक्षितको इञ्जिनियर पहिचानलाई विकासविद्को घुम्टोले ढपक्कै छोपिदिएको आभास हुन्छ ।

समष्टिगत रूपमा यो पुस्तक नेपालको विपद् व्यवस्थापनका विषयमा रुचि राख्ने जनसाधरण, नीति निर्माता, राजनीतिज्ञदेखि विपद् विज्ञ वा यस विषयका विद्यार्थी सबैका निमित्त अति नै उपयोगी हुने निश्चित छ । अन्तमा पुस्तक बिक्रीबाट हुने लाभ विपद् व्यवस्थापनसम्बन्धी अध्ययन र शोधकार्य गरी *शिक्षक* मासिक पत्रिकामा छाप्नका निमित्त

प्रोत्साहनस्वरूप प्रदान गर्ने लेखकको निर्णयले यी विषयमा अध्ययन गर्न रुचि राख्ने विद्यार्थीलाई केही न केही उत्साहित वा प्रोत्साहित तुल्याउने छ ।

**विनोद सिजापती**
थैव, ललितपुर